# अनिवार्य तथा निःशुल्क शिक्षा

# फिक्कल गाउँपालिका घोषणा

# स्मारिका

## ”समग्र प्रतिवेदन”

२०८२/८३

स्थानिय सरकार

फिक्कल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाङसाङ, सिन्धुली

# अनिवार्य तथा निःशुल्क शिक्षा

# फिक्कल गाउँपालिका घोषणा स्मारिका

# समग्र प्रतिवेदन

**प्रकाशक :**
स्थानीय सरकार
फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाङसाङ, सिन्धुली
बागमती, प्रदेश नेपाल
**फोन : ९८५४०४५३४२, ९८५४०४२१७७**
**इमेल : phikkalruralmun@gmail.com**
**वेबसाइट : https://phikkalmun.gov.np/**
**फेसबुक :** <https://www.facebook.com/profile.php?id=100025599099726>

**प्रकाशन वर्ष :** २०८३
**सर्वाधिकार :** फिक्कल गाउँपालिका
**मुद्रण प्रति :** १०० सय प्रति

**पार्वती सुनुवार**
**अध्यक्ष**

**स्थानीय सरकार**
**फिक्कल गाउँपालिका**
खाङसाङ, सिन्धुली,
बागमती प्रदेश, नेपाल

# शुभकामना

शिक्षा प्रत्येक नागरिकको मौलिक अधिकार तथा समृद्ध समाज निर्माणको आधार हो। नेपालको संविधान, अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

यस फिक्कल गाउँपालिकाले "सबै बालबालिकाको विद्यालयमा पहुँच, गुणस्तरीय शिक्षा सबैको अधिकार" भन्ने मूल भावनालाई आत्मसात् गर्दै विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालय भर्ना, नियमित उपस्थिति तथा आधारभूत शिक्षा सुनिश्चित गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस अभियानमा जनप्रतिनिधि, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, कर्मचारी तथा सम्पूर्ण समुदायको सक्रिय सहभागिता र सहयोगले सकारात्मक उपलब्धि हासिल भएको छ।

अनिवार्य तथा नि:शुल्क शिक्षा सुनिश्चितता तथा वडा घोषणा अभियानले शिक्षाप्रति समुदायको जागरण अभिवृद्धि गर्नुका साथै विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन महत्वपूर्ण योगदान पुऱ्याएको छ। यस अभियानको सफलताले शिक्षित, सक्षम र समृद्ध समाज निर्माणतर्फ फिक्कल गाउँपालिकालाई थप उर्जा प्रदान गरेको छ।

यस स्मारिकाको प्रकाशनबाट अभियानका गतिविधि, उपलब्धि, सिकाइ र भावी योजनाहरू दस्तावेजीकरण हुने विश्वास लिएको छु। यस महत्वपूर्ण कार्यमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवाला निकाय, विद्यालय परिवार, अभिभावक तथा समुदायप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, फिक्कल गाउँपालिकाभित्रका सबै बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्दै गुणस्तरीय, समावेशी र बालमैत्री शिक्षाको विकासमा निरन्तर अग्रसर रहने प्रतिबद्धता व्यक्त गर्दछु।

**धन्यवाद।**

**असार २०८३**

**श्री पार्वती सुनुवार**

राजु बराल
उपाध्यक्ष

स्थानीय सरकार
फिक्कल गाउँपालिका
खाङसाङ, सिन्धुली,
बागमती प्रदेश, नेपाल

# शुभकामना सन्देश

शिक्षा मानव जीवनको आधारशिला, सामाजिक रूपान्तरणको माध्यम तथा राष्ट्र विकासको प्रमुख आधार हो। प्रत्येक बालबालिकालाई शिक्षाको पहुँच सुनिश्चित गर्नु राज्य, स्थानीय सरकार, अभिभावक तथा सम्पूर्ण समुदायको साझा दायित्व हो । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षाको मौलिक अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्ने उद्देश्यले फिक्कल गाउँपालिकाले अनिवार्य तथा नि:शुल्क शिक्षा सुनिश्चितता अभियानलाई विशेष प्राथमिकताका साथ अघि बढाएको छ ।

यस अभियान अन्तर्गत विद्यालय उमेर समूहका बालबालिकाको पहिचान, विद्यालय भर्ना, नियमित उपस्थिति, विद्यालय बाहिर रहेका बालबालिकाको खोजी तथा समावेशी शिक्षाको प्रवर्द्धनका लागि सञ्चालन गरिएका कार्यक्रमहरूले सकारात्मक परिणाम हासिल गरेका छन् । यस कार्यमा जनप्रतिनिधि, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, कर्मचारी तथा सम्पूर्ण समुदायको सक्रिय सहभागिता प्रशंसनीय रहेको छ ।

अनिवार्य तथा नि:शुल्क शिक्षा सुनिश्चितता तथा वडा घोषणा कार्यक्रम केवल औपचारिक घोषणा मात्र नभई शिक्षाको अधिकारलाई व्यवहारमा स्थापित गर्ने महत्वपूर्ण अभियान हो । यसले बालबालिकाको उज्ज्वल भविष्य निर्माण गर्नुका साथै शिक्षित, सभ्य, सक्षम र समृद्ध समाज निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु ।

यस स्मारिकाले अभियानका उपलब्धि, अनुभव, सिकाइ तथा भावी कार्यदिशालाई समेट्दै आगामी दिनमा शिक्षा क्षेत्रको विकासका लागि मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरेको छु। अभियान सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, फिक्कल गाउँपालिकाभित्र कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित नहोस् भन्ने संकल्पसहित गुणस्तरीय, समावेशी तथा बालमैत्री शिक्षाको विकासमा निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्दछु ।

**धन्यवाद।**

**असार २०८३**

**श्री राजु बराल**

स्थानीय सरकार
फिक्कल गाउँपालिका
खाङसाङ, सिन्धुली,
बागमती प्रदेश, नेपाल

डम्बरबहादुर रजनमगर
प्रमुख प्रशासकीय अधिकृत

# मन्तव्य

शिक्षा मानव जीवनको आधारभूत आवश्यकता मात्र नभई समुन्नत, सभ्य र समृद्ध समाज निर्माणको प्रमुख आधार हो । प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्नु राज्यको संवैधानिक दायित्व तथा स्थानीय सरकारको प्रमुख जिम्मेवारी हो । नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्याभूत गरेको शिक्षाको मौलिक अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्ने उद्देश्यले फिक्कल गाउँपालिकाले अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितता अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै आएको छ ।

यस अभियान अन्तर्गत गाउँपालिकाभित्रका विद्यालय उमेर समूहका बालबालिकाको वास्तविक अवस्था पहिचान गर्न घरधुरी सर्वेक्षण, विद्यालयगत तथ्याङ्क विश्लेषण, सरोकारवालासँग समन्वय, अभिमुखीकरण कार्यक्रम, घरदैलो अभियान तथा नियमित अनुगमन जस्ता महत्वपूर्ण कार्यहरू सम्पन्न भएका छन् । यस प्रक्रियाबाट विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान, विद्यालय पहुँच विस्तार, नियमित उपस्थिति सुनिश्चितता तथा समावेशी शिक्षाको प्रवर्द्धनमा उल्लेखनीय उपलब्धि हासिल भएको छ ।

शिक्षा, युवा तथा खेलकुद शाखाको जिम्मेवारी समेत सम्हाल्दा प्राप्त भएको शिक्षा क्षेत्रको समग्र अवस्था, चुनौती, अवसर तथा सुधारका क्षेत्रहरूको नजिकबाट अध्ययन र विश्लेषण गर्ने अवसर प्राप्त भएको छ । विद्यालय, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि तथा सम्पूर्ण समुदायको साझा प्रयास र प्रतिबद्धताले आज फिक्कल गाउँपालिका अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितता अभियानलाई सफलतापूर्वक अगाडि बढाउन सक्षम भएको छ ।

**धन्यवाद ।**

**असार २०८३**

**श्री डम्बरबहादुर रजनमगर**

# विषय सूची


**खण्ड "क"** ____ १

**फिक्कल गाउँपालिकाको परिचय** ____ १

१.१. गाउँपालिकाको संक्षिप्त परिचयः ____ १

१.२ संक्षिप्त वस्तुस्थिति ____ १

*१.२.१. भौगोलिक तथा प्रशासनिक अवस्थाः* ____ १

*१.२.२. मुख्य पर्यटकीय स्थलहरूः* ____ २

*१.२.३. मुख्य साँस्कृतिक पर्वहरूः* ____ २

*१.२.४. बसोबास गर्ने जातजातिहरूः* ____ २

१.३. फिक्कल गाउँपालिकाको वर्तमान शैक्षिक संस्थाको अवस्थाः ____ २

*१.३.१. विद्यालय विवरणः* ____ २

*१.३.२. शिक्षक/सहजकर्ता विवरण* ____ ३

*१.३.३. विद्यार्थी विवरण (२०८२):* ____ ३

*१.३.४. शिक्षक विद्यार्थी अनुपातः* ____ ३

**खण्ड "ख"** ____ ४

**अनिवार्य तथा निःशुल्क शिक्षा** ____ ४

२.१. अनिवार्य तथा निःशुल्क शिक्षाको उद्देश्यः ____ ४

२.२.अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यन्वयनको गतिविधिहरुः ____ ५

२.३.घरधुरी सर्वेक्षण तथ्याङ्क वडागतः ____ ६

२.४.अपाङ्ग तथा विद्यालय बाहिर रहेका(४-१३ उमेर)समूहका बालबालिकाको विवरण ____ ६

*(वडा नं १)* ____ ६

*(वडा नं २)* ____ ७

*(वडा नं ३)* ____ ७

*(वडा नं ४)* ____ ८

*(वडा नं ५)* ____ ९

२.५.घरधुरी सर्वेक्षण तथ्याङ्कको विश्लेषणः ____ ९

**कार्यक्रम कार्यान्वयन कार्ययोजना** ____ १०

३.१. कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा अभिमुखीकरण ____ १०

३.२. वडा नं. १ महादेवडाँडा अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गतिविधिः ____ १२

३.३. वडा नं. २ पोखरी अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गतिविधिः ____ १६

३.४. वडा नं. ३ खोलागाउँ अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गतिविधि ____ १७

३.५. वडा नं. ४ खाङसाङ अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गतिविधि ____ १९

३.६. वडा नं. ५ सोल्पाठाना अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गतिविधि ____ २०

३.७. वडा नं. ६ रत्नावती अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गतिविधि ____ २१

३.८. गाउँपालिका शिक्षा समितिको निर्णय ____ २२

३.९. अनिवार्य तथा निःशुल्क शिक्षा गाउँपालिका घोषणा कार्यक्रम ____ २२

**खण्ड "घ"** ____ २६

**निष्कर्ष सुझाव** ____ २६


४.१.खर्चको विवरणः ____ २६

४.२. निष्कर्ष ____ २७

४.३. सुझाव ____ २७

## खण्ड "क"
# फिक्कल गाउँपालिकाको परिचय

### १.१. गाउँपालिकाको संक्षिप्त परिचयः




बागमती प्रदेश अन्तर्गत पर्ने सिन्धुली जिल्लाको यस फिक्कल गाउँपालिकाको गठन वि.स.२०७३ साल फागुन २७ गते साबिक खोलागाउँ गाउँ विकास समितिमा रहेको फिक्कल चुचुराको नामबाट नामाकरण गरी स्थापित गाउँपालिका हो। अनुपम प्राकृतिक सुन्दरता तथा ऐतिहासिक र पुरातात्विक सम्पदाले भरिपूर्ण यो गाउँपालिकाको पूर्वमा उदपुर जिल्लाको कटारी नगरपालिका, उत्तरमा ओखलढुङ्गा र रामेछाप जिल्ला, पश्चिममा गोलञ्जोर गाउँपालिका र दक्षिणमा तीनपाटन गाउँपालिका र दुधौली नगरपालिका पर्दछन्। साबिकका महादेवडाँडा, पोखरी, खोलागाउँ, खाङसाङ, सोल्पाठाना र रत्नावती गरी छओटा गाउँ विकास समितिलाई एकीकृत गरी यो गाउँपालिकाको निर्माण गरिएको हो। यस गाउँपालिकामा छओटा वडा रहेका छन्। यसको सदरमुकाम खाङसाङ बेँसीमा रहेको छ। सिन्धुली जिल्लाका ९ स्थानीय तहमा २ नगरपालिका र ७ गाउँपालिका रहेका छन्। तिनैमध्ये जिल्लाको उत्तर पूर्वी भागमा रहेको फिक्कल गाउँपालिकाको अधिकांश भू- भाग पहाडी क्षेत्रले ढाकेको छ भने केही भाग टार बेँसीले ढाकेको छ । यस गउँपालिका आफैंमा भौगोलिक विविधताले भरिपूर्ण त छँदैछ यसका साथै महाभारत श्रृङखलामा पर्ने २३८६ मिटर उचाइमा रहेको फिक्कल चुचुरो जिल्लाकै सर्वोच्च शिखर हो । अनेकौं डाडाँकाडा, पहाड, लेक, बेँसी, खहरे नदीनाला, खोल्सा खोल्सी, उकाली ओराली, भन्ज्याङ देउराली, थुम्काथुम्की, मठमन्दिर, हरिया वन जङ्गल आदिले रोमाञ्चित बनाइरहेका छन् । यिनै प्राकृतिक परिदृश्यमा यसले आ-आफ्नै मौलिकता र अस्तित्व बोकेको छ ।

## १.२ संक्षिप्त वस्तुस्थिति

### १.२.१. भौगोलिक तथा प्रशासनिक अवस्थाः

क्षेत्रफलः १८६.०६ वर्ग कि.मि. (७१.८४ वर्ग माइल)

जनसंख्याः १५९१० (२०७८ को जनगणनाअनुसार)
जनघनत्वः ८६ जना प्रति वर्ग कि.मी (२०७८ को जनगणनाअनुसार)
केन्द्रः साविकको खाङसाङ गा.वि.स.को खाङसाङ बेंसी
वडा संख्याः ६

### १.२.२. मुख्य पर्यटकीय स्थलहरूः

फिक्कल चुचुरो, महाकाली देवी, अनिरुद्र महादेव, रचने थाम, सुनकोशी जलविहार, विष्णुपादुका मन्दिर, जिवेश्वर महादेव,आदि ।

### १.२.३. मुख्य साँस्कृतिक पर्वहरूः

दशैं, तिहार, ल्होसार, जनैपूर्णिमा, शिवरात्री, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति,ठूली एकादशी, चैतेदशैं, उधौली, उभौली, हरितालिका तीज, बाला चतुर्दशी, घुमाउने जात्रा आदि।

### १.२.४. बसोबास गर्ने जातजातिहरूः

क्षेत्री, ब्राह्मण, कामी, तामाङ, सार्की, दमाई, नेवार, घर्ती/भुजेल, मगर, सुनुवार, राई, माझी आदि।

## १.३. फिक्कल गाउँपालिकाको वर्तमान शैक्षिक संस्थाको अवस्थाः

संस्थागत रूपमा शिक्षा प्रदान गर्ने सबैभन्दा तल्लो र महत्त्वपूर्ण निकायका रूपमा विद्यालयलाई लिइन्छ । फिक्कल गाउँपालिकाभित्र प्रारम्भिक बाल शिक्षा कक्षा देखि कक्षा १२ सम्मको शिक्षा दिने विद्यालयहरू स्थापना भई सञ्चालनमा रहेका छन् । शिक्षा ऐन २०२८ को व्यवस्था अनुसार नियमित रूपमा सरकारी अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालयहरू सामुदायिक विद्यालय हुन् भने नियमित रूपमा सरकारी अनुदान प्राप्त नगर्ने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालयहरू संस्थागत विद्यालयहरू हुन् । फिक्कल गाउँपालिकामा हालसम्म संस्थागत विद्यालयहरू सञ्चालनम छैनन् । तहका हिसाबले विद्यालय शिक्षालाई आधाभूत र माध्यमिक गरी दुई तहमा विभक्त गरिएको छ । प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्म सञ्चालित विद्यालयहरू आधारभूत र कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालयहरू माध्यमिक विद्यालय हुन् तथापि शिक्षा ऐनले कक्षा १ देखि ५ सम्मको शिक्षा दिने विद्यालयलाई प्राथमिक विद्यालयका रूपमा परिभाषित गरेको छ । यसै अनुरूप यस फिक्कल गाउँपालिकामा २०८२ सालसम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको बिवरण निम्न अनुसार रहेको छ ।

### १.३.१. विद्यालय विवरणः

- कुल सामुदायिक विद्यालय तथा केन्द्रहरूः ५४ वटा
- माध्यमिक तहः ९ वटा

- निम्न माध्यमिक तहः १० वटा
- प्राथमिक तहः ३५ वटा
- बालविकास/बाल सिकाइ केन्द्रः १ वटा
- सामुदायिक सिकाइ केन्द्रः ३ वटा

### १.३.२. शिक्षक/सहजकर्ता विवरणः

- बालविकासः ५५ जना
- कक्षा १—५: १८५ जना
- कक्षा ६—८: ७१ जना
- कक्षा ९—१०: ४८ जना
- कक्षा ११—१२: १४ जना

### १.३.३. विद्यार्थी विवरण (२०८२):

- बालविकासः ३९७ जना (छात्रा १९१, छात्र २०६)
- कक्षा १—५: १६३७ जना (छात्रा ८५०, छात्र ७८७)
- कक्षा ६—८: १२४५ जना (छात्रा ६२३, छात्र ६२२)
- कक्षा ९—१०: ७९२ जना (छात्रा ४४०, छात्र ३५२)
- कक्षा ११—१२: ४४१ जना (छात्रा २४५, छात्र १९६)

### १.३.४. शिक्षक विद्यार्थी अनुपातः

- बालविकासः १:७
- प्राथमिक (१—५): १:९
- निम्न माध्यमिक (६—८): १:१८
- माध्यमिक (९—१०): १:१७
- उच्च माध्यमिक (११—१२): १:३२

यो अनुपात राष्ट्रिय औसतभन्दा राम्रो छ, तर निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत शिक्षकको कमी देखिन्छ।

# खण्ड "ख"
# अनिवार्य तथा निःशुल्क शिक्षा

## २.१. अनिवार्य तथा निःशुल्क शिक्षाको उद्देश्यः

शिक्षा मानव जीवनको आधारभूत अधिकार, व्यक्तित्व विकासको माध्यम तथा राष्ट्र निर्माणको प्रमुख आधार हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क तथा अनिवार्य रूपमा प्राप्त गर्ने मौलिक अधिकार सुनिश्चित गरेको छ । संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई शिक्षाको अधिकार प्रत्याभूत गरेको छ भने राज्यलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराउने दायित्व प्रदान गरेको छ ।

यस संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ जारी गरेको छ । साथै, अनिवार्य तथा निःशुल्क शिक्षा स्थानीय तह घोषणा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ ले स्थानीय तहलाई आफ्नो क्षेत्रभित्र रहेका विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाको विद्यालय पहुँच सुनिश्चित गरी अनिवार्य तथा निःशुल्क शिक्षा स्थानीय तह घोषणा गर्ने स्पष्ट मार्गनिर्देशन प्रदान गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन, सञ्चालन, अनुगमन तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ । यस कानूनी व्यवस्थाअनुसार फिक्कल गाउँपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखी विद्यालय उमेर समूहका बालबालिकाको विद्यालय भर्ना, नियमित उपस्थिति, सिकाइ निरन्तरता, विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा पुनः विद्यालय पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा स्थानीय तह घोषणा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम फिक्कल गाउँपालिकाले गाउँपालिकाभित्र रहेका ४ वर्ष पूरा भई १३ वर्ष ननाघेका बालबालिकाको वास्तविक अवस्था पहिचान गर्न घरधुरी सर्वेक्षण, विद्यालयगत तथ्याङ्क सङ्कलन, EMIS विश्लेषण, सरोकारवाला अभिमुखीकरण, विद्यालय अनुगमन, वडा स्तरीय प्रमाणीकरण तथा तथ्याङ्क अद्यावधिक लगायतका कार्यहरू सम्पन्न गरेको छ । यस प्रक्रियाबाट विद्यालय उमेर समूहका बालबालिकाको विद्यालय पहुँच, भर्ना अवस्था, विद्यालय बाहिर रहेका बालबालिका, अपाङ्गता भएका बालबालिका, बसाइँसराइ तथा अन्य कारणले विद्यालय बाहिर रहेका बालबालिकाको अवस्थाको यथार्थ चित्रण गर्न सहयोग पुगेको छ ।

यस प्रतिवेदनमा फिक्कल गाउँपालिकाको शैक्षिक अवस्था, अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितताका लागि गरिएका प्रयास, प्राप्त उपलब्धि, चुनौती, सिकाइ तथा स्थानीय तह घोषणा सम्बन्धी आधार र सूचकहरूको समग्र विश्लेषण प्रस्तुत गरिएको छ। यो प्रतिवेदन अनिवार्य तथा निःशुल्क शिक्षा स्थानीय तह घोषणा प्रक्रियाको आधिकारिक दस्तावेजका रूपमा तयार गरिएको हो।

## २.२. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यन्वयनको गतिविधिहरुः

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा विकास निर्देशनालय, हेटौंडाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "अनिवार्य तथा निःशुल्क शिक्षा स्थानीय तह घोषणा कार्यक्रम" कार्यान्वयनका लागि स्थानीय तहहरूबाट प्रस्ताव आह्वान गरिएकोमा उक्त आह्वान बमोजिम आवश्यक प्रस्ताव तयार गरी पेश गरिएकोमा प्रस्ताव स्वीकृत भई कार्यक्रम सञ्चालनका लागि छनोट भएको थियो।

शिक्षा विकास निर्देशनालय, हेटौंडाको च.नं. ४४४, मिति २०८२/१०/२५ गतेको पत्रमार्फत कार्यक्रम सम्झौता सम्पन्न गर्न अनुरोध प्राप्त भए बमोजिम सोही अनुरूप फिक्कल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री डम्बरबहादुर रजन मगर तथा रोजगार संयोजक श्री देवबहादुर बुढाथोकी मिति २०८२/११/०१ गते शिक्षा तालिम केन्द्र, धुलीखेलमा आयोजित सम्झौता कार्यक्रममा सहभागी भई शिक्षा विकास निर्देशनालयसँग कार्यक्रम सम्झौता सम्पन्न गर्नुभएको थियो ।

उक्त कार्यक्रम कार्यान्वयनका लागि कुल रु. २०,००,०००/- (अक्षरुपी बीस लाख रुपैयाँ मात्र) बजेट स्वीकृत भएको थियो । प्राप्त बजेटलाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम विद्यालय उमेर समूहका बालबालिकाको पहिचान, घरधुरी सर्वेक्षण, तथ्याङ्क संकलन तथा विश्लेषण, अभिमुखीकरण कार्यक्रम, घरदैलो अभियान, विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालय भर्ना, सरोकारवालासँग समन्वय, अनुगमन तथा मूल्याङ्कन, वडा प्रमाणीकरण तथा स्थानीय तह घोषणा प्रक्रियामा खर्च गर्ने व्यवस्था गरिएको थियो ।

कार्यक्रमलाई प्रभावकारी, सहभागितामूलक तथा नतिजामुखी बनाउन गाउँपालिका, वडा कार्यालय, विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा समुदायबीच समन्वय र सहकार्यको वातावरण सिर्जना गरिएको थियो । कार्यक्रम कार्यान्वयनबाट गाउँपालिकाभित्रका विद्यालय उमेर समूहका बालबालिकाको वास्तविक अवस्था पहिचान गरी शिक्षाको पहुँच सुनिश्चित गर्ने, विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गर्ने तथा अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितताका लागि आवश्यक आधार तयार गर्ने लक्ष्य राखिएको थियो ।

यस कार्यक्रमले फिक्कल गाउँपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित स्थानीय तह घोषणा प्रक्रियातर्फ अग्रसर गराउनुका साथै शिक्षाको अधिकार कार्यान्वयनमा स्थानीय तहको भूमिका थप प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

## २.३. घरधुरी सर्वेक्षण तथ्याङ्क वडागतः

| क्र.स. | वडा नं | घरधुरी सङ्ख्या | जम्मा जनसङ्ख्या | | | साक्षर सङ्ख्या | | | निरक्षर सङ्ख्या | | | विद्यालय बाहिर रहेको सङ्ख्या ४-१३ वर्ष | | | अपाङ्ग सङ्ख्या ४-१३ वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा |
| १ | १ | ६८९ | १९३२ | १९७४ | ३९६६ | १२१६ | १५९८ | ४४१२ | २५८ | १११ | ४६९ | २ | ० | २ | २ | ० | २ |
| २ | २ | ४०३ | ११४६ | १२०६ | २३५२ | ८४२ | ९८६ | १८२८ | २४२ | १३१ | ३७३ | १ | ० | १ | २ | ५ | ७ |
| ३ | ३ | ६६४ | १७८७ | १६८४ | ३४७१ | १०६१ | १६६७ | २७२८ | २९८ | १८३ | ४८१ | ६ | ७ | १३ | १ | ० | १ |
| ४ | ४ | ६२९ | १७७३ | १८८३ | ३६५६ | १२९८ | १४४९ | २७४७ | २२० | १३६ | ३५६ | १ | ० | १ | ३ | १ | ५ |
| ५ | ५ | ४३२ | १२७६ | १३२४ | २६०० | ११२१ | १२७६ | २३९७ | २१ | १७ | ३८ | ० | १ | १ | ० | ० | ० |
| ६ | ६ | ५८४ | १६४० | १६६७ | ३३०७ | १४२३ | १४९६ | २९१९ | १६८ | ७७ | २४५ | ० | ० | ० | ० | ० | ० |
| कुल जम्मा | | ३४०१ | ८५२२ | ९७३८ | १८२६० | ६९६१ | ८४७२ | १५४२३ | १२०७ | ६५५ | १८६२ | १० | ८ | १८ | ८ | ६ | १५ |

## २.४. अपाङ्ग तथा विद्यालय बाहिर रहेका(४-१३ उमेर)समूहका बालबालिकाको विवरण

**(वडा नं १)**

| क्र.स. | बालबालिकाको नाम | बाबु आमाको नाम | पेशा | वडा नं र टोल | हालको बसाइ | विद्यालय गएको/नगएको | अपाङ्ग भए सोको प्रकार | जन्म दर्ता नं |
|---|---|---|---|---|---|---|---|---|
| १ | अस्मिता सुनुवार | कुमार सुनुवार भीममाया सुनुवार | खेती | १ भेडीखोर | भेडीखोर | नगएको | हिड्न बोल्न नसक्ने | |
| २ | सुस्मा सुनुवार | रामबहादुर सुनुवार रत्नमाया सुनुवार | खेती | १ हेताम टोल | हेताम टोल | क वर्ग | | ३४४ |

(वडा नं २)

| क्र.स. | बालबालिकाको नाम | बाबु आमाको नाम | पेशा | वडा नं र टोल | हालको बसाइ | विद्यालय गएको / नगएको | अपाङ्ग भए सोको प्रकार | जन्म दर्ता नं |
|---|---|---|---|---|---|---|---|---|
| १ | हीराकुमारी वि.क. | कमल वि.क.<br>विष्णुमाया वि.क. | खेती | २ ढाँड | ढाँड | ४ कक्षामा छोडेको | सुस्त | ३४ |
| २ | विशाल वि.क. | कमल वि.क.<br>गीताकुमारी वि.क. | खेती | २ सुम्नाम | सुम्नाम | नगएको | हिंड्न नसक्ने | २०७७१२०७०९९४५ |
| ३ | घनबहादुर राउत | सन्तोष राउत<br>बालकुमारी राउत | खेती | २ पोखरी | पोखरी | गएको | आँखाको सामान्य समस्या | |
| ४ | इशा अधिकारी | भक्तबहादुर अधिकारी<br>भुवनकुमारी अधिकारी | खेती | २ मुलाडाँडा | काठमाडौं | नगएको | | |
| ५ | जगतबहादुर सिँदाली | गणेशबहादुर सिँदाली<br>प्रेमकुमारी सिँदाली | खेती | २ पौती | पौती | नगएको | हिंड्न नसक्ने | १०००४० |
| ६ | जयस धमला | जगदिश धमला<br>सुस्मा खत्री,धमला | खेती | २ लुम्ती | लुम्ती | गएको | सामान्य | |
| ७ | अभिनव पहाडी | फणीन्द्रप्रसाद पहाडी<br>मालती लुइटेल | खेती | २ लुम्ती | काठमाडौं | गएको | स्वर बोलाइ | ८ वर्ष |

(वडा नं ३)

| क्र.स. | बालबालिकाको नाम | बाबु आमाको नाम | पेशा | वडा नं र टोल | हालको बसाइ | विद्यालय गएको/नगएको | अपाङ्ग भए सोको प्रकार | जन्म दर्ता नं |
|---|---|---|---|---|---|---|---|---|
| १ | सोनीमाया श्रेष्ठ | चित्राबहादुर श्रेष्ठ<br>होमकुमारी श्रेष्ठ | खेती | ३ बाँजागाउँ | बाँजागाउँ | नगएको | | |
| २ | आइस्मा वि.क. | राजन वि.क.<br>हीरा वि.क. | खेती | ३ गुरुङ्छाप | गुरुङ्छाप | नगएको | | |
| ३ | रोनिस वि.क. | रमेश वि.क.<br>सुनिता वि.क. | खेती | ३ गुरुङ्छाप | गुरुङ्छाप | नगएको | | |
| ४ | रसिला वि.क. | रमेश वि.क.<br>सुनिता वि.क. | खेती | ३ गुरुङ्छाप | गुरुङ्छाप | नगएको | | |
| ५ | यशोदा दर्नाल | कुमार दर्नाल<br>सरिता दर्नाल | खेती | ३ खुरहरी | खुरहरी | नगएको | | जन्म मिति २०७५।३।५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | महेश दर्नाल | कुमार दर्नाल<br>सरिता दर्नाल | खेती | ३ खुरहरी | खुरहरी | नगएको | | जन्म मिति २०७७।५।३ |
| ७ | लालबहादुर जोगी | ज्ञानबहादुर जोगी<br>साबित्रा जोगी | खेती | ३ महामण्डल | महामण्डल | ८ कक्षामा छोडेको | | |
| ८ | दिलबहादुर जोगी | ज्ञानबहादुर जोगी<br>साबित्रा जोगी | खेती | ३ महामण्डल | महामण्डल | ८ कक्षामा छोडेको | | |
| ९ | कुमारीमाया सार्की | रेजबहादुर सार्की<br>तेजकुमारी सार्की | खेती | ३ तल्लो झगरे | तल्लो झगरे | १ कक्षा | बौद्धिक | दर्ता नं २०६७१०२७०१५७९ |
| १० | मनीषा बसेल | बुद्धिबहादुर सार्की<br>सुनिताकुमारी सार्की | खेती | ३ तल्लो झगरे | तल्लो झगरे | ६ कक्षा | | जन्म मिति २०६७।४।४ |
| ११ | भेषबहादुर सार्की | डम्बरबहादुर सार्की | खेती | ३ तल्लो झगरे | तल्लो झगरे | ६ कक्षा | | दर्ता नं ५७ |
| १२ | प्रविन बसेल | चित्रबहादुर सार्की<br>पार्वती सार्की | खेती | ३ तल्लो झगरे | तल्लो झगरे | ८ कक्षा | | |
| १३ | खेमबहादुर वि.क. | तेजबहादुर वि.क.<br>कमलकुमारी वि.क. | खेती | ३ चनौटे | चनौटे | ७ कक्षा | | दर्ता नं ३४ |

**(वडा नं ४)**

| क्र.स. | बालबालिकाको नाम | बाबु आमाको नाम | पेशा | वडा नं र टोल | हालको बसाइ | विद्यालय गएको/ नगएको | अपाङ्ग भए सोको प्रकार | जन्म दर्ता नं |
|---|---|---|---|---|---|---|---|---|
| १ | निर्जल मगर | टेकबहादुर मागर<br>भुमिका मगर | खेती | ४ ठुलीवन | ठुलीवन | नगएको | अशक्त | २०७६०६१७१४५८८ |
| २ | मुना मगर | मोहनबहादुर मगर<br>धनीमाया मगर | खेती | ४ ठुलीवन | ठुलीवन | नगएको | | २७ |
| ३ | खिनमाया लामिछाने | गङ्गाप्रसाद लामिछाने | खेती | ४ गैरीगाउँ | गैरीगाउँ | नगएको | अशक्त | २०६८ साल |
| ४ | पुष्पा क्याप्छाकी मगर | कर्णबहादुर मगर<br>नन्दीमाया मगर | खेती | ४ मुखियाटोल | मुखिया टोल | नपढेको | अशक्त | २०५८।९।१ |
| ५ | हुकुम पिठाकोटे | डिल्लीराम पिठाकोटे<br>रत्नमया पिठाकोटे | खेती | ४ सोखुगाउँ | सोखुगाउँ | ५ कक्षामा छोडेको | | २०६९।४।५ |

(वडा नं ५)

| क्र.स. | बालबालिकाको नाम | बाबु आमाको नाम | पेशा | वडा नं र टोल | हालको बसाइ | विद्यालय गएको/ नगएको | अपाङ्ग भए सोको प्रकार | जन्म दर्ता नं |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुरुषोत्तम खड्का | पेशल खड्का<br>सीता खड्का | खेती | ५ झगरे बैंसी | झगरे बैंसी | ८ कक्षा छोडेको | | नभएको |

## २.५. घरधुरी सर्वेक्षण तथ्याङ्कको विश्लेषणः

अनिवार्य तथा निःशुल्क शिक्षा स्थानीय तह घोषणा कार्यक्रम अन्तर्गत फिक्कल गाउँपालिकाका ६ वटै वडामा घरधुरी सर्वेक्षण सम्पन्न गरिएको थियो। सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकामा कुल ३,४०१ घरधुरी रहेका छन् भने कुल जनसङ्ख्या १८,२६० रहेको छ। जसमध्ये महिला ८,५२२ र पुरुष ९,७३८ रहेका छन्।

सर्वेक्षण अनुसार गाउँपालिकामा कुल १५,४३३ जना साक्षर तथा १,८६२ जना निरक्षर रहेका छन्। यसले गाउँपालिकाको साक्षरता दर सन्तोषजनक रहेको देखाउँछ। वडा नं. ५ मा निरक्षर जनसङ्ख्या न्यून रहेको देखिन्छ भने वडा नं. ३ मा निरक्षर जनसङ्ख्या तुलनात्मक रूपमा बढी रहेको पाइयो।

४ देखि १३ वर्ष उमेर समूहका विद्यालय उमेरका बालबालिकामध्ये कुल १८ जना विद्यालय बाहिर रहेको तथ्याङ्क प्राप्त भएको छ। जसमध्ये १० जना छात्रा र ८ जना छात्र रहेका छन्। त्यसैगरी सोही उमेर समूहका कुल १४ जना अपाङ्गता भएका बालबालिका पहिचान भएका छन्, जसमध्ये ८ जना छात्रा र ६ जना छात्र रहेका छन्।

वडा अनुसार हेर्दा वडा नं. ३ मा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या १३ जना रहेको छ, जुन अन्य वडाको तुलनामा बढी हो। वडा नं. १, २ र ४ मा क्रमशः २, १ र १ जना विद्यालय बाहिर रहेका बालबालिका भेटिएका छन् भने वडा नं. ५ र ६ मा विद्यालय बाहिर रहेका बालबालिका फेला परेका छैनन्।

अपाङ्गता भएका बालबालिकाको अवस्था विश्लेषण गर्दा वडा नं. २ मा सबैभन्दा बढी ७ जना, वडा नं. ४ मा ४ जना, वडा नं. १ मा २ जना र वडा नं. ३ मा १ जना बालबालिका रहेको देखिन्छ। वडा नं. ५ र ६ मा सर्वेक्षणको क्रममा अपाङ्गता भएका विद्यालय उमेर समूहका बालबालिका फेला परेका छैनन्।

सर्वेक्षणबाट पहिचान भएका विद्यालय बाहिर रहेका तथा अपाङ्गता भएका बालबालिकाको व्यक्तिगत विवरण संकलन गरी उनीहरूको विद्यालय पहुँच, पुनःभर्ना, समावेशी शिक्षा तथा आवश्यक सहयोगका लागि विशेष कार्ययोजना निर्माण गरिएको छ। यसले अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न गाउँपालिकालाई थप प्रभावकारी ढङ्गले कार्यक्रम सञ्चालन गर्न सहयोग पुगेको छ।

# खण्ड "ग"

# कार्यक्रम कार्यान्वयन कार्ययोजना

## ३.१. कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा अभिमुखीकरण

अनिवार्य तथा निःशुल्क शिक्षा स्थानीय तह घोषणा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न फिक्कल गाउँपालिकाले विस्तृत कार्ययोजना तयार गरी चरणबद्ध रूपमा कार्यान्वयन गरेको थियो। कार्यक्रम सञ्चालनका लागि गाउँपालिकास्तरीय समन्वय तथा सहजीकरण समिति गठन गरी जिम्मेवारी निर्धारण गरिएको थियो। साथै, कार्यक्रमको उद्देश्य, कार्यक्षेत्र, समयसीमा, जिम्मेवारी र अपेक्षित उपलब्धिहरू स्पष्ट रूपमा उल्लेख गरी कार्यतालिका तयार गरिएको थियो।

कार्ययोजना अनुसार सर्वप्रथम गाउँ कार्यपालिकाको बैठकबाट कार्यक्रम सञ्चालन सम्बन्धी निर्णय गरिनुका साथै वडा कार्यालय, विद्यालय, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवालाहरूसँग आवश्यक समन्वय स्थापना गरिएको थियो। विद्यालय उमेर समूहका बालबालिकाको वास्तविक अवस्था पहिचान गर्न घरधुरी सर्वेक्षण, विद्यालयगत तथ्याङ्क संकलन तथा EMIS विवरणको विश्लेषण गर्ने योजना बनाइएको थियो।

कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकास्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समिति अध्यक्षहरू, शिक्षक प्रतिनिधिहरू तथा सम्बन्धित कर्मचारीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, नियमावली, २०७७ तथा स्थानीय तह घोषणा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ का प्रावधानहरू, स्थानीय तहको भूमिका, विद्यालय तथा समुदायको जिम्मेवारी, तथ्याङ्क संकलन प्रक्रिया, विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा पुनः विद्यालय भर्ना सम्बन्धी विषयमा विस्तृत जानकारी प्रदान गरिएको थियो।

त्यसैगरी प्रत्येक वडामा वडा स्तरीय अभिमुखीकरण कार्यक्रममा सहजीकरणका लागि १ र ३ नं. वडामा श्री मा.वि. रातमाटाका प्र.अ. ठाकुर फुयाल, २ र ३ नं. वडामा श्री मा.वि. सुम्नाम सुन्तले चण्डिभञ्ज्याङका शिक्षक फडिन्द्रनाथ पहाडी र ४ र ६ नं. वडामा श्री सुनकोशी मा.वि. खाङसाङका प्र.अ. लक्ष्मी घिमिरेले कार्यक्रम सञ्चालन गरी जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा समुदायलाई कार्यक्रमको उद्देश्य, आवश्यकता र अपेक्षित परिणामका बारेमा जानकारी गराइएको थियो। अभिमुखीकरण कार्यक्रमले कार्यक्रमप्रति सरोकारवालाहरूको साझा

बुझाइ विकास गर्न, जिम्मेवारी बोध गराउन तथा विद्यालय उमेर समूहका कुनै पनि बालबालिका शिक्षाको पहुँचबाट वञ्चित हुन नदिने वातावरण निर्माण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। यसरी तयार गरिएको कार्ययोजना तथा सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रमहरूले अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितता अभियानलाई व्यवस्थित, सहभागितामूलक र परिणाममुखी बनाउन महत्वपूर्ण आधार प्रदान गरेको थियो।

| क्र. सं. | गतिविधि/कार्यक्रम | उद्देश्य | मिति | उपलब्धि/नतिजा |
|---|---|---|---|---|
| १ | अनिवार्य तथा निःशुल्क शिक्षा पालिका घोषणाको निमित्त पालिकास्तरीय योजना तर्जुमा बैठक | कार्यक्रम कार्यान्वयनको कार्ययोजना तयार गर्ने | २०८२/०९/३० | |
| २ | सम्झौता र कार्यक्रम सम्बन्धी अभिमुखीकरण | कार्यविधि तथा जिम्मेवारीबारे जानकारी दिने | २०८२/११/०१ | साझा बुझाइ विकास, कार्ययोजना स्वीकृत |
| ३ | प्रधानाध्यापक अभिमुखीकरण | विद्यालयस्तरीय कार्यान्वयन सुनिश्चित गर्ने | २०८२/१२/१५ | विद्यालयगत कार्ययोजना निर्माण |
| ४ | अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा कार्यान्वयनमा गाउँपालिकाको अनुरोध | स्थानीय सरोकारवालाको सहभागिता बढाउने | २०८३/०१/१६ | वडा स्तरमा समन्वय स्थापना |
| ५ | अनिवार्य तथा निःशुल्क शिक्षा वडागत प्रतिवेदन र घोषणाको मिति तय | कार्यक्रम कार्यान्वयनको कार्ययोजना तयार गर्ने | २०८३/०१/२७ | |
| ६ | घरधुरी सर्वेक्षण सञ्चालन | विद्यालय उमेर समूहका बालबालिका पहिचान गर्ने | २०८३/०१/३१ | वास्तविक तथ्याङ्क प्राप्त |
| ७ | विद्यालयगत तथ्याङ्क संकलन तथा प्रमाणीकरण | विद्यालय विवरण अद्यावधिक गर्ने | २०८३/०१/३१ | विद्यालयगत विवरण अद्यावधिक |
| ८ | विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान | विद्यालय पहुँच सुनिश्चित गर्ने | २०८३/०१/३१ | विद्यालय बाहिरका बालबालिका पहिचान |
| ९ | घरदैलो तथा भर्ना अभियान | विद्यालय भर्ना बढाउने | २०८३/०१/३१ | भर्ना तथा नियमितता वृद्धि |
| ११ | वडा स्तरीय समीक्षा तथा प्रमाणीकरण | वडा घोषणा आधार तयार गर्ने | २०८३/०२/०१ | वडा घोषणा सिफारिस |

| | | | | |
|---|---|---|---|---|
| १२ | गाउँपालिकास्तरीय समीक्षा बैठक | पालिका घोषणा आधार तयार गर्ने | २०८३/०२/२७ | घोषणा प्रक्रिया अगाडि बढ्यो |
| १३ | अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा | वडा स्तरमा घोषणा गर्ने | **१ नं. वडा** २०८३/०२/०४ **२ नं. वडा** २०८३/०२/०२ **३ नं. वडा** २०८३/०२/०५ **४ नं. वडा** २०८३/०२/०८ **५ नं. वडा** २०८३/०२/०६ **६ नं. वडा** २०८३/०२/११ | वडा घोषणा सम्पन्न |
| १४ | अनिवार्य तथा निःशुल्क शिक्षा स्थानीय तह घोषणा | पालिका स्तरमा घोषणा गर्ने | २०८३/०२/३१ | स्थानीय तह घोषणा सम्पन्न |

## ३.२. वडा नं. १ महादेवडाँडा अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गतिविधिः

अनिवार्य तथा निःशुल्क शिक्षा स्थानीय तह घोषणा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम वडा नं. १ महादेवडाँडामा अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित वडा घोषणा कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रमलाई प्रभावकारी, सहभागितामूलक तथा परिणाममुखी बनाउन वडा शिक्षा समिति, वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, विद्यालय परिवार तथा स्थानीय समुदायबीच आवश्यक समन्वय र सहकार्य स्थापित गरिएको थियो।





यस अभियान अन्तर्गत मिति **२०८३/०१/२१** गते वडा शिक्षा समिति बैठक सम्पन्न गरिएको थियो। उक्त बैठकमा वडा शिक्षा समितिका पदाधिकारीहरू, वडा क्षेत्रभित्र रहेका विद्यालय व्यवस्थापन

समितिका अध्यक्ष तथा पदाधिकारीहरू, प्रधानाध्यापकहरू, शिक्षक प्रतिनिधिहरू, अभिभावक तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। बैठकमा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कानुनी व्यवस्था, कार्यक्रमको उद्देश्य, स्थानीय तहको जिम्मेवारी तथा वडा घोषणा प्रक्रियाका बारेमा श्री मा.वि. रातमाटाका प्र.अ. ठाकुर फुयालबाट विस्तृत अभिमुखीकरण गरिएको थियो।

अभिमुखीकरण कार्यक्रम पश्चात् वडा क्षेत्रभित्र रहेका सम्पूर्ण विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति बैठक तथा अभिभावक भेला आयोजना गर्ने, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी व्यापक जनचेतना अभिवृद्धि गर्ने, विद्यालयमा कुनै पनि प्रकारको शुल्क नलिने व्यवस्था सुनिश्चित गर्ने, विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाको खोज, पहिचान तथा विद्यालय भर्ना गर्ने लगायतका गतिविधि सञ्चालन गर्ने निर्णय गरिएको थियो। साथै वडा घोषणा कार्यक्रम सम्पन्न गर्ने कार्यतालिका समेत स्वीकृत गरिएको थियो।

निर्धारित कार्ययोजना अनुसार विद्यालय तथा समुदाय स्तरमा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका थिए। विद्यालय बाहिर रहेका बालबालिकाको खोजी, घरदैलो अभियान, अभिभावकसँग प्रत्यक्ष अन्तरक्रिया, विद्यार्थी भर्ना अभियान तथा शैक्षिक सरोकारवालासँग समन्वयात्मक बैठकहरू सञ्चालन गरी वडा क्षेत्रभित्रका विद्यालय उमेर समूहका बालबालिकाको विद्यालय पहुँच सुनिश्चित गर्ने कार्य सम्पन्न गरिएको थियो।


स्थानीय सरकार
फिक्कल गाउँपालिका
Phikkal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
खाङसाङ, सिन्धुली
Khangsang, Sindhuli
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प.स. (Ref.No.) :- २०८२/०८३
च.नं. (Dispatch No.) :- १६४३

मितिः २०८३।०२।२

श्री वडा अध्यक्षज्यू,
वडा नं. १, महादेवडाँडा,
फिक्कल गाउँपालिका ।

विषयः अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गर्न अनुमति प्रदान गरिएको सम्बन्धमा।

यस गाउँपालिकाबाट निर्धारित मापदण्ड तथा सूचकहरू बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणाका लागि आवश्यक सम्पूर्ण सूचकहरू पूरा गरी सम्बन्धित प्रतिवेदन यस कार्यालयमा पेश गर्नु भएकोमा धन्यवाद व्यक्त गर्दछौं। पेस भएको प्रतिवेदन, तथ्याङ्क तथा स्थलगत अवस्थाको अध्ययन एवं मूल्याङ्कन गर्दा वडा भित्रका विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालय पहुँच सुनिश्चित भएको, सबै विद्यालयमा शिक्षा निःशुल्क गरिएको साथै अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी निर्धारित सूचकहरू पूरा भएको पुष्टि भएकाले फिक्कल गाउँपालिका वडा नं. १ लाई "अनिवार्य तथा निःशुल्क शिक्षा वडा" घोषणा गर्न यस कार्यालयबाट अनुमति प्रदान गरिएको बेहोरा जानकारी गराइन्छ।

पार्वती सुनुवार
अध्यक्ष

"फिक्कल समृद्धिको मूल आधारः कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार"
Phone No.:- 9854045342 Email :-phikkalruralmun@gmail.com Website :- www.phikkalmun.gov.np

सम्पूर्ण गतिविधिहरू सम्पन्न भएपछि वडा कार्यालयबाट अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितताको अवस्था प्रमाणीकरण तथा अनुगमनका लागि फिक्कल गाउँपालिकामा अनुरोध गरिएको थियो। गाउँपालिकाबाट खटिएको अनुगमन टोलीले वडा क्षेत्रभित्र सञ्चालन गरिएका गतिविधि, तथ्याङ्क, विद्यालयको अवस्था तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गरी वडा घोषणा गर्न उपयुक्त रहेको निष्कर्षसहित स्वीकृति प्रदान गरेको थियो।



उक्त स्वीकृतिपश्चात् मिति २०८३/०२/०४ गते वडा कार्यालय परिसरमा भव्य रूपमा अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रममा वडा क्षेत्रभित्रका सम्पूर्ण विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि, कर्मचारी, सामाजिक अगुवा, राजनीतिक दलका प्रतिनिधि, शिक्षाप्रेमी तथा अन्य सरोकारवालाहरू गरी जम्मा ४३२ जनाको उल्लेखनीय सहभागिता रहेको थियो।

वडा शिक्षा समिति तथा वडा क्षेत्रभित्रका माध्यमिक विद्यालयहरूको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रम वडा अध्यक्षको अध्यक्षतामा तथा फिक्कल गाउँपालिका अध्यक्षज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरू, वडा अध्यक्षहरू, वडा सदस्यहरू, राजनीतिक दलका प्रतिनिधिहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू, शिक्षा क्षेत्रका सरोकारवाला निकाय तथा स्थानीय बुद्धिजीवीहरूको समेत उल्लेखनीय उपस्थिति रहेको थियो।




कार्यक्रमका वक्ताहरूले शिक्षालाई प्रत्येक बालबालिकाको मौलिक अधिकारका रूपमा स्थापित गर्दै विद्यालय उमेर समूहका कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित हुन नहुने विषयमा जोड दिएका थिए। कार्यक्रममा उपस्थित सम्पूर्ण सरोकारवालाहरूले आ—आफ्नो क्षेत्रबाट बालबालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

घोषणा कार्यक्रमलाई थप आकर्षक र सांस्कृतिक रूपमा समृद्ध बनाउन विभिन्न विद्यालयका विद्यार्थीहरूले स्थानीय मौलिक संस्कृति झल्कने सांस्कृतिक नृत्य, गीत तथा चेतनामूलक प्रस्तुतिहरू प्रदर्शन गरेका थिए। यसले कार्यक्रमलाई थप प्रभावकारी, उत्साहजनक तथा जनसहभागितामूलक बनाएको थियो।



"फिक्कल समृद्धिको मूल आधार: कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार"

स्थानीय सरकार

फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाडसाङ, सिन्धुली

प्रमाण-पत्र

श्री फिक्कल गाउँपालिका
१ नं. वडा कार्यालय, महादेवडाँडा
सिन्धुली, नेपाल

अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्ने अभियानलाई सफल कार्यान्वयन गर्दै विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालय पहुँचमा ल्याई आधारभूत तहसम्म अनिवार्य र माध्यमिक शिक्षा निःशुल्क बनाउन उल्लेखनीय भूमिका निर्वाह गरी फिक्कल गाउँपालिका वडा नं. १ महादेवडाँडालाई "अनिवार्य तथा निःशुल्क शिक्षा वडा" घोषणा गर्न सफल भएकोमा हार्दिक बधाई तथा धन्यवाद व्यक्त गर्दछौं।

वडा कार्यालयको सक्रिय नेतृत्व, जनप्रतिनिधिहरूको प्रतिबद्धता, विद्यालय परिवार, शिक्षक, अभिभावक तथा सम्पूर्ण समुदायको उल्लेखनीय योगदान र प्रतिबद्धताको उच्च कदर गर्दै आगामी दिनहरूमा समेत गुणस्तरीय, समावेशी तथा बालमैत्री शिक्षा सहितको अनिवार्य तथा निःशुल्क शिक्षा दिगोपनामा निरन्तरता रहोस् भन्ने शुभकामनासहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

| डम्बरबहादुर रजनमगर | राजु बराल | पार्वती सुनुवार |
|---|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

यसरी वडा नं. १ महादेवडाँडाले अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितताका लागि आवश्यक सूचकहरू पूरा गर्दै विद्यालय उमेर समूहका बालबालिकाको विद्यालय पहुँच सुनिश्चित गरेको आधारमा **"अनिवार्य तथा निःशुल्क शिक्षा"** वडा घोषणा गर्न सफल भएको छ।

यो उपलब्धि वडा कार्यालय, विद्यालय, अभिभावक, समुदाय तथा सम्पूर्ण सरोकारवालाहरूको साझा प्रयास, समन्वय र प्रतिबद्धताको परिणामका रूपमा रहेको छ।




## ३.३. वडा नं. २ पोखरी अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गतिविधिः



मिति २०८३/०१/२३ गते वडा शिक्षा समिति बैठक सम्पन्न गरी वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति पदाधिकारी, प्रधानाध्यापक तथा नागरिक समाजका प्रतिनिधिहरूलाई अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी अभिमुखीकरण गरिएको थियो। बैठकबाट विद्यालय व्यवस्थापन समिति तथा अभिभावक भेला सञ्चालन गर्ने, विद्यालय बाहिर रहेका बालबालिकाको खोजी तथा भर्ना सुनिश्चित गर्ने, विद्यालयमा कुनै पनि प्रकारको शुल्क नलिने व्यवस्था गर्ने तथा वडा घोषणा कार्यक्रम सञ्चालन गर्ने कार्यतालिका स्वीकृत गरिएको थियो।

निर्धारित कार्यक्रम अनुसार सम्पूर्ण गतिविधिहरू सम्पन्न गरी अनुगमन तथा प्रमाणीकरणका लागि वडा कार्यालयबाट गाउँपालिकामा अनुरोध गरिएको थियो। गाउँपालिकाबाट खटिएको अनुगमन टोलीले स्थलगत अनुगमन गरी वडा घोषणा गर्न अनुमति प्रदान गरेको



स्थानीय सरकार
फिक्कल गाउँपालिका
Phikkal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
खाङसाङ, सिन्धुली
Khangsang, Sindhuli

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प.स. (Ref.No.) :- २०८२/०८३
च.नं. (Dispatch No.) :- १६५२

मितिः २०८३।०२।१

श्री वडा अध्यक्षज्यू,
वडा नं. २, पोखरी,
फिक्कल गाउँपालिका ।

विषयः अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गर्न अनुमति प्रदान गरिएको सम्बन्धमा।

यस गाउँपालिकाबाट निर्धारित मापदण्ड तथा सूचकहरू बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणाका लागि आवश्यक सम्पूर्ण सूचकहरू पूरा गरी सम्बन्धित प्रतिवेदन यस कार्यालयमा पेश गर्नु भएकोमा धन्यवाद व्यक्त गर्दछौं। पेस भएको प्रतिवेदन, तथ्याङ्क तथा स्थलगत अवस्थाको अध्ययन एवं मूल्याङ्कन गर्दा वडा भित्रका विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालय पहुँच सुनिश्चित भएको, सबै विद्यालयमा शिक्षा निःशुल्क गरिएको साथै अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी निर्धारित सूचकहरू पूरा भएको पुष्टि भएकाले फिक्कल गाउँपालिका वडा नं. २ लाई "अनिवार्य तथा निःशुल्क शिक्षा वडा" घोषणा गर्न यस कार्यालयबाट अनुमति प्रदान गरिएको बेहोरा जानकारी गराइन्छ।

पार्वती सुनुवार
अध्यक्ष

पार्वती सुनुवार
अध्यक्ष






थियो। तत्पश्चात् मिति २०८३/०२/०२ गते वडा कार्यालय परिसरमा वडा अध्यक्षको अध्यक्षतामा तथा फिक्कल गाउँपालिका अध्यक्षज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरू, वडा अध्यक्षहरू, वडा सदस्यहरू, राजनीतिक दलका प्रतिनिधिहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू, वि विद्यार्थी, शिक्षक, अभिभावक, जनप्रतिनिधि तथा शैक्षिक सरोकारवालाहरूको उल्लेखनीय सहभागितामा भव्य समारोहका बीच वडा नं. २ पोखरीलाई अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गरिएको थियो।

### ३.४. वडा नं. ३ खोलागाउँ अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गतिविधि :



मिति २०८३/०१/१९ गते वडा शिक्षा समिति बैठक सम्पन्न गरी वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति पदाधिकारी, प्रधानाध्यापक तथा नागरिक समाजका प्रतिनिधिहरूलाई अभिमुखीकरण गरिएको थियो। बैठकबाट विद्यालयस्तरमा अभिभावक भेला, जनचेतनामूलक कार्यक्रम, विद्यालय बाहिर रहेका बालबालिकाको खोजी तथा भर्ना अभियान सञ्चालन गर्ने निर्णय गरिएको थियो।

सम्पूर्ण गतिविधिहरू सम्पन्न भएपछि वडा कार्यालयबाट अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितताको अवस्था प्रमाणीकरण तथा अनुगमनका लागि फिक्कल गाउँपालिकामा अनुरोध गरिएको थियो। गाउँपालिकाबाट खटिएको अनुगमन टोलीले वडा क्षेत्रभित्र सञ्चालन गरिएका गतिविधि, तथ्याङ्क, विद्यालयको अवस्था तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गरी वडा घोषणा गर्न अनुमति प्रदान गरेको थियो।



कार्यक्रममा सहभागी जनप्रतिनिधि, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, कर्मचारी तथा अन्य सरोकारवालाहरूले बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न आ—आफ्नो क्षेत्रबाट सक्रिय



भूमिका निर्वाह गर्ने सार्वजनिक प्रतिबद्धता व्यक्त गरिएको थिए।

तत्पश्चात् मिति **२०८३/०२/०५** गते वडा कार्यालय परिसरमा २०१ जनाको सहभागितामा भव्य समारोहका बीच वडा घोषणा कार्यक्रम सम्पन्न गरिएको थियो।






कार्यक्रम कार्यन्वयनमा बालबालिकाहरूको खोज, पहिचान, अभिभावकसँग परामर्श तथा घरदैलो अभियान सञ्चालन गरिएको थियो। उक्त प्रयासबाट वडा नं. ३ खोलागाउँ, महामण्डल निवासी कक्षा ६ की ईन्दिरा तामाङ, खुरहरी निवासी कक्षा ६ का नैनबहादुर सार्की, गुरुमछाप निवासी कक्षा ७ की अस्मिता वि.क., गुरुमछाप निवासी कक्षा ७ की ओमकुमारी वि.क., खुरहरी निवासी कक्षा ८ का खड्गबहादुर मग्राती, झगरे निवासी कक्षा ८ का प्रविण बसेल, झगरे निवासी कक्षा ८ का भेषबहादुर मग्राती, झगरे निवासी कक्षा ८ की मनिषा बसेल, लायोगाउँ निवासी कक्षा ८ की भोजकुमारी सार्की, खुरहरी निवासी कक्षा ८ की संगीता परियार, खुरहरी निवासी कक्षा ८ का पासाङ तामाङ तथा गुरुमछाप निवासी कक्षा ७ का उत्तम वि.क. सहित जम्मा १३ जना बालबालिकालाई पुनः विद्यालय भर्ना गराउन सफल भएको थियो।


## ३.५. वडा नं. ४ खाङसाङ अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गतिविधि



मिति २०८३/०१/२९ गते वडा शिक्षा समिति बैठक तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो। बैठकबाट विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायलाई परिचालन गरी विद्यालय बाहिर रहेका बालबालिकाको खोजी तथा विद्यालय भर्ना अभियान सञ्चालन गर्ने निर्णय गरिएको थियो।

मिति **२०८३/०२/०५** गते वडा शिक्षा समिति बैठकबाट वडा घोषणा सम्बन्धी आवश्यक निर्णय सम्पन्न गरी गाउँपालिकाबाट अनुगमन तथा प्रमाणीकरण गराइ अनुमति प्रदान गरिएको थियो।

तत्पश्चात् मिति **२०८३/०२/०८** गते वडा कार्यालय परिसरमा ३१५ जनाको सहभागितामा भव्य समारोहका बीच वडा नं. ४ खाङसाङलाई **अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा** गरिएको थियो।



स्थानीय सरकार
फिक्कल गाउँपालिका
Phikkal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
खाङसाङ, सिन्धुली
Khangsang, Sindhuli

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प.स. (Ref.No.) :- २०८२/०८३
च.नं. (Dispatch No.) :- १६५६

मितिः २०८३।०२।५

श्री वडा अध्यक्षज्यू,
वडा नं. ४, खाङसाङ,
फिक्कल गाउँपालिका ।

विषयः अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गर्न अनुमति प्रदान गरिएको सम्बन्धमा।

यस गाउँपालिकाबाट निर्धारित मापदण्ड तथा सूचकहरू बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणाका लागि आवश्यक सम्पूर्ण सूचकहरू पूरा गरी सम्बन्धित प्रतिवेदन यस कार्यालयमा पेश गर्नु भएकोमा धन्यवाद व्यक्त गर्दछौं। पेस भएको प्रतिवेदन, तथ्याङ्क तथा स्थलगत अवस्थाको अध्ययन एवं मूल्याङ्कन गर्दा वडा भित्रका विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालय पहुँच सुनिश्चित भएको, सबै विद्यालयमा शिक्षा निःशुल्क गरिएको साथै अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी निर्धारित सूचकहरू पूरा भएको पुष्टि भएकाले फिक्कल गाउँपालिका वडा नं. ४ लाई "अनिवार्य तथा निःशुल्क शिक्षा वडा" घोषणा गर्न यस कार्यालयबाट अनुमति प्रदान गरिएको बेहोरा जानकारी गराइन्छ।

पार्वती सुनुवार
अध्यक्ष



## ३.६. वडा नं. ५ सोल्पाठाना अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गतिविधि



मिति २०८३/०१/२२ गते वडा शिक्षा समिति बैठक सम्पन्न गरी सरोकारवालाहरूलाई कार्यक्रम सम्बन्धी अभिमुखीकरण प्रदान गरिएको थियो। बैठकबाट विद्यालय बाहिर रहेका बालबालिकाको खोजी, विद्यालय भर्ना, अभिभावक भेला तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएको थियो।

निर्धारित कार्ययोजना अनुसार सम्पूर्ण गतिविधिहरू सम्पन्न गरी गाउँपालिकाबाट अनुगमन तथा प्रमाणीकरण भई अनुमति प्रदान गरिएको थियो ।



स्थानीय सरकार
फिक्कल गाउँपालिका
Phikkal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
खाङसाङ, सिन्धुली
Khangsang, Sindhuli
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प.स. (Ref.No.) :- २०८२/०८३
च.नं. (Dispatch No.) :- १६५५

मिति: २०८३।०२।५

श्री वडा अध्यक्षज्यू,
वडा नं. ५, सोल्पाठाना,
फिक्कल गाउँपालिका ।

विषय: अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गर्न अनुमति प्रदान गरिएको सम्बन्धमा।

यस गाउँपालिकाबाट निर्धारित मापदण्ड तथा सूचकहरू बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणाका लागि आवश्यक सम्पूर्ण सूचकहरू पूरा गरी सम्बन्धित प्रतिवेदन यस कार्यालयमा पेश गर्नु भएकोमा धन्यवाद व्यक्त गर्दछौं। पेस भएको प्रतिवेदन, तथ्याङ्क तथा स्थलगत अवस्थाको अध्ययन एवं मूल्याङ्कन गर्दा वडा भित्रका विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालय पहुँच सुनिश्चित भएको, सबै विद्यालयमा शिक्षा निःशुल्क गरिएको साथै अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी निर्धारित सूचकहरू पूरा भएको पुष्टि भएकाले फिक्कल गाउँपालिका वडा नं. ५ लाई "अनिवार्य तथा निःशुल्क शिक्षा वडा" घोषणा गर्न यस कार्यालयबाट अनुमति प्रदान गरिएको बेहोरा जानकारी गराइन्छ।

पार्वती सुनुवार
अध्यक्ष

"फिक्कल समृद्धिको मूल आधार: कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार"
Phone No.:- 9854045342 Email :-phikkalruralmun@gmail.com Website :- www.phikkalmun.gov.np



कार्यक्रममा सहभागी जनप्रतिनिधि, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, कर्मचारी तथा अन्य सरोकारवालाहरूले बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न आ—आफ्नो क्षेत्रबाट सक्रिय भूमिका निर्वाह गर्ने सार्वजनिक प्रतिबद्धता व्यक्त गरिएको थिए।

तत्पश्चात् मिति २०८३/०२/०६ गते वडा कार्यालय परिसरमा १७० जनाको सहभागितामा भव्य





समारोहका बीच वडा नं. ५ सोल्पाठानालाई अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गरिएको थियो।

## ३.७. वडा नं. ६ रत्नावती अनिवार्य तथा नि:शुल्क शिक्षा वडा घोषणा गतिविधि




मिति २०८३/०१/३० गते वडा शिक्षा समिति बैठक सम्पन्न गरी वडा क्षेत्रभित्रका शैक्षिक सरोकारवालाहरूलाई अभिमुखीकरण गरिएको थियो। बैठकबाट विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायलाई परिचालन गरी विद्यालय बाहिर रहेका बालबालिकाको खोजी, भर्ना तथा विद्यालय पहुँच सुनिश्चित गर्ने निर्णय गरिएको थियो।

कार्यक्रम अन्तर्गत सम्पूर्ण गतिविधिहरू सम्पन्न गरी गाउँपालिकाबाट अनुगमन तथा प्रमाणीकरण गरिएपछि मिति २०८३/०२/११ गते वडा कार्यालय परिसरमा १११ जनाको सहभागितामा भव्य



समारोहका बीच वडा नं. ६ रत्नावतीलाई अनिवार्य तथा नि:शुल्क शिक्षा वडा घोषणा गरिएको थियो।

कार्यक्रम कार्यान्वयनका क्रममा विद्यालय बाहिर रहेका तथा बीचैमा पढाइ छोडेका १ जना बालबालिका (अनिता राई, खड्का गाउँ) लाई पुनः विद्यालय भर्ना गराइएको थियो।






## ३.८. गाउँपालिका शिक्षा समितिको निर्णय

मिति २०८३/०२/२४ गते बसेको गाउँ शिक्षा समिति बैठकले फिक्कल गाउँपालिकाभित्रका सबै वडाहरूले अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाका लागि आवश्यक सूचकहरू पूरा गरेको निष्कर्षसहित फिक्कल गाउँपालिकालाई **"अनिवार्य तथा निःशुल्क शिक्षा गाउँपालिका" घोषणा** गर्ने निर्णय गरेको थियो। उक्त निर्णयले गाउँपालिकास्तरीय घोषणा कार्यक्रम सम्पन्न गर्ने आधार तयार गरेको थियो।

## ३.९. अनिवार्य तथा निःशुल्क शिक्षा गाउँपालिका घोषणा कार्यक्रम




फिक्कल गाउँपालिकाभित्रका सबै वडाहरूले अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितताका लागि निर्धारित सूचक तथा मापदण्डहरू पूरा गरी वडा घोषणा सम्पन्न गरेपश्चात् गाउँपालिकास्तरीय प्रमाणीकरण तथा शिक्षा समितिको निर्णयका आधारमा मिति २०८३/०२/३१ गते अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गाउँपालिका घोषणा कार्यक्रम भव्य रूपमा सम्पन्न गरिएको थियो।

उक्त कार्यक्रम फिक्कल गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवारज्यूको अध्यक्षता तथा संविधान सभा सदस्य माननीय श्री गणेश कुमार पहाडीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा शिक्षा विकास निर्देशनालय, हेटौंडाका का.मु. महानिर्देशक श्री गोपालप्रसाद कँडेलज्यू, जिल्ला शिक्षा विकास तथा समन्वय इकाई सिन्धुलीका प्रमुख श्री दिनेश देवकोटाज्यू, गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरू, वडा अध्यक्षहरू, जनप्रतिनिधिहरू, कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, समाजसेवी, विद्यालय व्यवस्थापन समिति अध्यक्षहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू, अभिभावकहरू, विद्यार्थीहरू, तथा नागरिक समाजका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रममा गाउँपालिकाले अनिवार्य तथा निःशुल्क शिक्षा स्थानीय तह घोषणा कार्यक्रम अन्तर्गत सम्पन्न गरेका गतिविधि, प्राप्त उपलब्धि, विद्यालय उमेर समूहका बालबालिकाको विद्यालय पहुँच सुनिश्चितताका लागि गरिएका प्रयासहरू तथा गाउँपालिकाको समग्र शैक्षिक अवस्थाका विषयमा विस्तृत जानकारी प्रमुख प्रशासकीय अधिकृत **श्री डम्बरबहादुर रजनमगर** ज्यूले प्रस्तुत गर्नुभएको थियो।






कार्यक्रममा वक्ताहरूले शिक्षालाई प्रत्येक बालबालिकाको मौलिक अधिकारका रूपमा स्थापित गर्दै कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित हुन नहुने विषयमा जोड दिएका थिए।

घोषणा कार्यक्रमको विशेष आकर्षणका रूपमा उपस्थित सम्पूर्ण शैक्षिक सरोकारवालाहरूले "सबै बालबालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा गरौं" भन्ने साझा प्रतिबद्धतासहित सामूहिक प्रतिबद्धता ब्यानरमा हस्ताक्षर गरेका थिए । कार्यक्रममा सहभागी जनप्रतिनिधि, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, कर्मचारी तथा अन्य सरोकारवालाहरूले बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न आ-आफ्नो क्षेत्रबाट सक्रिय भूमिका निर्वाह गर्ने सार्वजनिक प्रतिबद्धता व्यक्त गरेका थिए।






कार्यक्रमलाई थप प्रभावकारी, प्रेरणादायी तथा सांस्कृतिक रूपमा समृद्ध बनाउन गाउँपालिकाभित्रका विभिन्न विद्यालयका विद्यार्थीहरूले राष्ट्रिय एकता, सामाजिक सद्भाव, बालअधिकार तथा शिक्षाको महत्व झल्काउने विविध सांस्कृतिक कार्यक्रम, राष्ट्रियता झल्किने नृत्य, गीत तथा चेतनामूलक प्रस्तुतीहरू प्रदर्शन गरेका थिए।



विद्यार्थीहरूको सिर्जनात्मक सहभागिताले कार्यक्रमलाई थप आकर्षक र जनमुखी बनाएको थियो।

यस अवसरमा गाउँपालिकाभित्र पहिचान गरिएका विद्यालय बाहिर रहेका तथा पुनः विद्यालय भर्ना भएका बालबालिकाहरूलाई प्रोत्साहनस्वरूप आवश्यक शैक्षिक सामग्री वितरण गरिएको थियो। बालबालिकाहरूलाई विद्यालयमा नियमित रूपमा अध्ययन गर्न प्रोत्साहित गर्ने



उद्देश्यले स्टेशनरी सामग्री, विद्यालय पोशाक (कपडा) तथा झोला वितरण गरिएको थियो। यस कार्यले विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको विद्यालय पहुँच सुनिश्चित गर्न गाउँपालिकाले अवलम्बन गरेको सकारात्मक पहललाई थप सुदृढ बनाएको छ।

अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितताका लागि सञ्चालन गरेको अभियान तथा हासिल गरेका उपलब्धिहरूको उच्च प्रशंसा गर्नुभएको थियो। उहाँहरूले विद्यालय उमेर समूहका बालबालिकाको विद्यालय पहुँच सुनिश्चित गर्न, विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा पुनः विद्यालय भर्ना गर्न, भर्ना अभियान सञ्चालन गर्न तथा शिक्षाको अधिकार सुनिश्चित गर्न विद्यालय, शिक्षक, अभिभावक, जनप्रतिनिधि र समुदायले निर्वाह गरेको भूमिकाको सराहना गर्नुभएको थियो।




कार्यक्रमका अवसरमा अनिवार्य तथा निःशुल्क शिक्षा स्थानीय तह घोषणा कार्यक्रम, २०८३ को सफल कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याउने विद्यालयहरूलाई सम्मान तथा प्रमाण—पत्र प्रदान गरिएको थियो। साथै, आगामी दिनहरूमा पनि सबै बालबालिकालाई गुणस्तरीय, समावेशी तथा बालमैत्री शिक्षाको पहुँच सुनिश्चित गर्न निरन्तर सहकार्य, प्रतिबद्धता र सक्रिय सहभागिताको आवश्यकता औंल्याइएको थियो।

कार्यक्रमको अन्त्यमा फिक्कल गाउँपालिकालाई औपचारिक रूपमा **"अनिवार्य तथा निःशुल्क शिक्षा गाउँपालिका"** घोषणा गरिएको थियो। उक्त घोषणा फिक्कल गाउँपालिकाभित्रका सम्पूर्ण बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्ने दिशामा हासिल गरिएको महत्वपूर्ण उपलब्धि तथा गाउँपालिका, विद्यालय, अभिभावक, समुदाय र सम्पूर्ण शैक्षिक सरोकारवालाहरूको साझा प्रयास, प्रतिबद्धता र सहकार्यको प्रतिफलका रूपमा रहेको छ।

# खण्ड "घ"
# निष्कर्ष सुझाव

## ४.१.खर्चको विवरणः

| क्र.सं. | कार्यक्रमको नाम | प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|
| १. | अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी प्रचारप्रसार तथा घरदैलो अभियान | १,४०,००० | |
| २. | विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाको लगत सङ्कलन (फाराम छपाई, कम्प्युटर प्रविष्टि, प्रतिवेदन लगायत) गरी नाम नामेसी सहित प्रोफाइल तयार | १,३५,५०० | |
| ३. | विद्यालय बाहिर रहेका बालबालिकाहरु विद्यालयमा आई भर्ना भएकालाई विद्यालय पोशाक, झोला लगायत आवश्यक पर्ने सम्पूर्ण स्टेशनरी लगायतका सहायता | ५०,००० | |
| ४. | बीचैमा विद्यालय छाडेका बालबालिकाहरुलाई विद्यालय पुनः प्रवेशका लागि प्रोत्साहन सहयोग | १,००,००० | |
| ६. | निःशुल्क शिक्षा कायम गर्न विद्यालयहरुको लागि शिक्षण सिकाइ अनुदान सहयोग(परीक्षा व्यवस्थापन लगायत) | ९,८०,००० | |
| ७. | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि योजना तर्जुमा, कार्यान्वयन अवस्था र प्रगति समीक्षा बैठक (वडा र स्थानीय तहस्तरमा) | २,६७,५०० | |
| ८. | कार्यक्रम समन्वयनका लागि समन्वय, अनुगमन, सहजीकरण र व्यवस्थापन | १,२७,००० | |
| ९. | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन भएको स्थानीय तहको सुनिश्चितता सम्बन्धी कार्य | २,००,००० | |
| | **जम्मा** | **२०,००,०००** | |

- परिक्षामा प्रश्न पत्र र उत्तरपुस्तिका व्यवस्थापनका लागि प्रति विद्यार्थी बार्षिक रु १३५ का दरले विद्यालयलाई अनुदान दिने ।
- ११र १२ कक्षा पठनपाठन गराउने विद्यालयलाई प्रति विद्यालय वार्षिक रु ५० हजारका दरले थप अनुदान उपलब्ध गराउने ।

## ४.२. निष्कर्ष

अनिवार्य तथा निःशुल्क शिक्षा स्थानीय तह घोषणा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम फिक्कल गाउँपालिकाले विद्यालय उमेर समूहका बालबालिकाको वास्तविक अवस्था पहिचान गर्न घरधुरी सर्वेक्षण, विद्यालयगत तथ्याङ्क संकलन, सरोकारवाला अभिमुखीकरण, घरदैलो अभियान, अनुगमन तथा प्रमाणीकरण लगायतका विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ।

गाउँपालिकाभित्र हाल ५४ वटा सामुदायिक शैक्षिक संस्था तथा केन्द्रहरू सञ्चालनमा रहेका छन्। शैक्षिक सत्र २०८२ मा बालविकासदेखि कक्षा १२ सम्म कुल ४,५१२ जना विद्यार्थी अध्ययनरत रहेको तथा शिक्षामा लैङ्गिक समानताको अवस्था सन्तोषजनक रहेको पाइयो। शिक्षक—विद्यार्थी अनुपात समग्र रूपमा सन्तुलित देखिए पनि माध्यमिक तहमा विषयगत शिक्षक व्यवस्थापनको आवश्यकता रहेको देखिन्छ।

आधारभूत तह कक्षा ८ को परीक्षामा सहभागी भएका सम्पूर्ण विद्यार्थी उत्तीर्ण हुनु सकारात्मक उपलब्धि हो। तथापि केही विद्यार्थी ड्रपआउट भएको तथ्यले विद्यालयमा भर्ना भएका सबै विद्यार्थीलाई आधारभूत तहसम्म टिकाइ राख्ने चुनौती अझै विद्यमान रहेको देखाउँछ। विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा विद्यालय पहुँच सुनिश्चित गर्न सञ्चालन गरिएका कार्यक्रमहरू प्रभावकारी देखिएका छन्।

समग्रमा फिक्कल गाउँपालिकाले अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितताका लागि आवश्यक अधिकांश सूचकहरू पूरा गर्दै विद्यालय उमेर समूहका बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्ने दिशामा उल्लेखनीय प्रगति हासिल गरेको छ। यस अभियानले विद्यालय, अभिभावक, समुदाय तथा स्थानीय सरकारबीचको सहकार्यलाई थप सुदृढ बनाउनुका साथै शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने आधार तयार गरेको छ।

## ४.३. सुझाव

१. विद्यालय बाहिर रहेका तथा ड्रपआउट भएका बालबालिकाको नियमित खोजतलास गरी पुनः विद्यालय भर्ना सुनिश्चित गर्न विशेष अभियान सञ्चालन गरिनुपर्दछ।

२. कक्षा ८ मा देखिएको ड्रपआउट दर न्यूनीकरण गर्न विद्यालय, अभिभावक तथा समुदायबीच समन्वयात्मक कार्यक्रम सञ्चालन गरिनुपर्दछ।

३. अपाङ्गता भएका, विपन्न, दलित तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच वृद्धि गर्न लक्षित सहयोग कार्यक्रम सञ्चालन गरिनुपर्दछ।

४. माध्यमिक तहमा विषयगत शिक्षकको अभाव पूर्ति गर्न आवश्यक पहल तथा स्रोत व्यवस्थापन गरिनुपर्दछ।

५. विद्यालय भर्ना अभियानलाई वार्षिक नियमित कार्यक्रमका रूपमा सञ्चालन गरी विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने अवस्था सुनिश्चित गरिनुपर्दछ।

६. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक क्षमता विकास, सिकाइ सामग्री व्यवस्थापन तथा प्रविधिमैत्री शिक्षण सिकाइ प्रक्रियालाई प्राथमिकता दिइनुपर्दछ।

७. गाउँपालिकाले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी तथ्याङ्कलाई नियमित अद्यावधिक गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नुपर्दछ।

८. विद्यालय, अभिभावक, वडा कार्यालय तथा समुदायबीचको साझेदारीलाई थप सुदृढ गरी शिक्षाको दिगोपना सुनिश्चित गर्नुपर्दछ।

९. प्रत्येक आर्थिक वर्षको अन्त्यमा अनिवार्य तथा निःशुल्क शिक्षा समीक्षा कार्यक्रम सञ्चालन गरी उपलब्धि, चुनौती तथा सुधारका क्षेत्रहरूको विश्लेषण गरिनुपर्दछ।

१०. “सबै बालबालिका विद्यालयमा, सबै बालबालिकालाई गुणस्तरीय शिक्षा” भन्ने अभियानलाई दीर्घकालीन रूपमा निरन्तरता दिई शिक्षामैत्री, बालमैत्री तथा समावेशी समाज निर्माणमा जोड दिनुपर्दछ।

# "समाप्त"